श्री

# राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

## इजलास

## माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

## लेखा सदस्य श्री बासुदेव खनाल

## फैसला

२०७९/०८० सालको निर्णय नं.४३२

पुनरावेदन नं. ०७७-RB-०१९१

पुनरावेदन दर्ता मिति २०७७।०६।२३

**मुद्दाः- आयकर (२०७४/०७५)।**

का.जि.का.म.न.पा. वडा नं. २, गैरीधारामा कार्यालय रहेको कसमस सिमेन्ट ईण्डष्ट्रिज प्रा.लि. (स्थायी लेखा नं. ३०१३०७७१६) को तर्फबाट ऐ. का कार्यकारी निर्देशक ऐ. वडा नं.७, चावाहिल बस्ने ध्रुवराज थापा ......................१ } पुनरावेदक

**विरुद्ध**

श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.......................................१

श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट..................................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु निर्णय मिति : २०७६।०३।१९

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं

निर्णय गर्ने पदाधिकारी : महानिर्देशक श्री बिनोद बहादुर कुँवर

निर्णय मिति : २०७७।०३।१५

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : बरिष्ठ विद्वान अधिवक्ता श्री महेश कुमार थापा

: विद्वान अधिवक्ता श्री मन्जु बुढाथोकी

प्रत्यर्थी कार्यालयका तर्फबाट : विद्वान सहायक-न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्बित नजीरः** *

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७६।०३।१९ मा भएको संशोधित कर निर्धारणको आदेश र सोही आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।१५ मा भएको निर्णय समेत उपर आयकर ऐन, २०५८ को दफा ११६ तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम करदाताको तर्फबाट परेको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यसप्रकार रहेको छ।

**तथ्य खण्ड**

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री कसमस सिमेन्ट ईण्डष्ट्रिज प्रा.लि.ले आ.व. २०७४/०७५ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य नोक्सानी रू.४,३८,५३,२३३।९७ कायम गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७५।०९।३० मा विवरण पेश गरेको।

२. प्रस्तुत करदाताको आ.ब. २०७४/०७५ को आय विवरण साथ प्राप्त अन्य कागजातको अध्ययन, छानबीन तथा हिसाब किताबको परीक्षण गर्दा आयकर ऐन, २०५८ बमोजिम कट्टी गर्न नपाउने खर्चहरु दाबी भएको, व्यवसायको मुनाफा र लाभतर्फ गणना हुनुपर्ने रकम समाबेश भएको नदेखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित करयोग्य आय कायम गर्नु पर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र( दिन भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम विस्तृत व्यहोरा खुलाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७६।०२।२७ मा जारी भएको सूचना।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७६।०२।२७ मा जारी भएको सूचना करदाताले मिति २०७६।०३।०२ मा बुझी लिई सो को लिखित जवाफ म्याद भित्रै मिति २०७६।०३।१६ मा पेश गरेको।

४. करदाता कसमस सिमेन्ट ईण्डष्ट्रिज प्रा.लि.ले आ.ब. २०७४/०७५ को लागि मिति २०७५।०९।३० मा पेश गरेको आय विवरण साथ संलग्न वासलात तथा नाफा/नोक्सान हिसाब परीक्षणको सिलसिलामा उपलब्ध भए सम्मका कागजात, फाँटवारी तथा प्रमाणहरू, जिकिर आदि समेतलाई अध्ययन, छानविन तथा परीक्षण गर्दा आयकर ऐन, २०५८ बमोजिम समावेश गर्नुपर्ने आय समावेश नभएको/कट्टी गर्न नपाइने खर्च दावी भएको देखिएकोले सोही ऐनको दफा १०१ वमोजिम संशोधित कर निर्धारण गर्न यस कार्यालयको मिति २०७६।०२।२७ मा जारी गरिएको सूचनामा उल्लेख भएका विषयहरूमा तहांवाट मिति २०७६।०३।१६ मा पेश भएका जवाफ,

कागजात तथा जिकिरलाई समेत विश्लेषण गरी आयकर ऐन २०५८ को दफा १०१ वमोजिम मिति २०७६।०३।२० को निर्णयबाट संशोधित कर निर्धारण गरी उक्त आ.व. २०७४/०७५ मा देहाय अनुसार उद्योग तर्फ रू.२,९२,५२,२९२।७३ (अक्षरेपी दुई करोड बयान्नव्वे लाख बाउन्न हजार दुई सय वयान्नव्वे रूपैयाँ त्रिहत्तर पैसा मात्र) संशोधित नोक्सानी कायम गरिएको हुँदा आयकर ऐन, २०५८ को दफा १०२ बमोजिम यो सूचना जारी गरिएको छ भनी करदाताको नाममा च.नं.७५८३ को पत्रबाट मिति २०७६।०३।२२ मा जारी भएको सूचना।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७६।०३।२२ मा जारी गरेको आ.व. २०७४/०७५ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी करदाता कसमस सिमेन्ट ईण्डष्ट्रिज प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६।०५।१८ मा आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौंमा पेश गरेको निवेदन पत्र।

६. प्रयोगमा नआएको सम्पत्तिको ऋणमा तिरेको ब्याज खर्च पुजिंकरण गरिएको सम्बन्धमा, निवेदकले प्रयोगमा आइसकेको सम्पत्ति प्राप्त गर्दा लिएको ऋणमा तिरेको व्याज खर्च ऐनको दफा १४(१) बमोजिम खर्च कट्टी दावी नगरी सम्पत्ति समूहमा पुँजिंकरण गरी ह्रासखर्च कट्टी दावी गरेकोलाई कार्यालयले सो बढी पुँजिकरण गरेको रकमलाई ह्रास आधारबाट घटाई यस आर्थिक वर्षको लागि कायम गरेको शुरू ह्रास आधारको आधारमा गणना गरेको ऐनको दफा १९ बमोजिमको हास खर्च कट्टी रकम कानुन सम्मत देखिएको, आर्थिक वर्ष २०७३/०७४ को संशोधित कर निर्धारण गरी कायम गरेको ह्रास आधार सम्बन्धमा निवेदकले गरेको पुनरावेदन उपर कुनै आधिकारिक निकायबाट अन्तिम फैसला भई यो ह्रास आधारमा परिवर्तन भएको देखिदैन। पछि कुनै आधिकारिक न्यायिक निकायबाट सो ह्रास आधारमा परिवर्तन भई आएमा सोही बखत पुनः संशोधित कर निर्धारण हुने नै हुंदा निवेदकको जिकिर पुग्न नसक्ने, निवेदकले आर्थिक वर्ष २०७३/०७४ मा कार्यालयबाट भएको कर निर्धारणमा चित्त नबुझि प्रशासकीय पुनरवलोकनको लागि निवेदन दिएकोमा कार्यालयले आर्थिक वर्ष २०७४/०७५ को संशोधित कर निर्धारण गर्दाको समय सम्म निवेदकले दिएको निवेदन उपर आधिकारिक निकायवाट अन्तिम फैसला भई सो आर्थिक वर्षको कार्यालयले गरेको संशोधित कर निर्धारण वमोजिम कायम भएको नोक्सानीमा कुनै परिवर्तन भएको देखिदैन। निवेदकको निवदेन उपर आधिकारिक निकायबाट अन्तिम फैसला भई परिवर्तन हुने भएमा सोही बखत पुनःकर निर्धारण हुने नै हुँदा कार्यालयले कायम गरेको नोक्सानी भन्दा बढी नोक्सानी खर्च कट्टी दावी गरेको भनी सो बढी खर्च कट्टी रकमलाई आयकर ऐन, २०५८ को दफा २०(१)(ख) बमोजिम खर्च कट्टी अमान्य हुने भन्ने समेत व्यहोराको आन्तरिक राजस्व

विभागका महानिर्देशकबाट प्रशासकीय पुनरावलोकनको क्रममा मिति २०७७।०३।१५ मा भएको निर्णय।

७. ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारण आदेशको क्रममा संशोधित कर निर्धारण सूचनाको आयमा थप समावेश गर्नु पर्ने र खर्च कट्टी नपाइने कारण र आधारको प्रकरण १ र निर्णय पर्चाको बुंदा नं. १ मा प्रत्यर्थी कार्यालयले ह्रासयोग्य सम्पत्तिको समूह "क", "ग" र "घ" को क्रमशः रु.१२,७८,०८४।११, रु.४१,८२,७५३।२५ र रु.५४,७८,६४९।१६ गरी जम्मा रु.१,०९,३९,४८६।५३ लाई खर्च कट्टी दिन इन्कार गरेको, संसोधित कर निर्धारण सूचनाको आयमा थप समावेश गर्नु पर्ने र खर्च कट्टी नपाईने कारण र आधारको प्रकरण ५ र निर्णय पर्चाको बुंदा ५ मा प्रत्यर्थी कार्यालयले गत वर्षको नोक्सानी सारेको रकम मध्ये रु.३१,३२,३५४।९२ लाई यस बर्ष नोक्सानी कट्टी नहुने भनी गरेको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय त्रुटिपूर्ण रहेको हुँदा सो बदर गरी पाँऊ भन्ने समेत व्यहोराको करदाताको तर्फबाट मिति २०७७।०६।२३ मा यस न्यायाधिकरणमा पेश भएको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नू भन्ने यस न्यायाधिकरणबाट मिति २०७८।०८।१० मा भएको आदेश।

## ठहर खण्ड

९. नियम बमोजिम पेश हुन आएको प्रस्तुत मुद्दामा करदाता कसमस सिमेन्ट प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ता श्री महेश कुमार थापा र विद्वान अधिवक्ता श्री मन्जु बुढाथोकीले करदाता कम्पनीले पूँजीकृत गरेको कानून बमोजिमको व्याज रकमलाई खर्च कट्टी नदिने र नोक्सानी खर्च कट्टी नगर्ने गरी ठूला करदाता कार्यालय, ललितपुरबाट भएको संशोधित कर निर्धारण आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत त्रुटिपूर्ण रहेको हुँदा बदर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

१०. प्रत्यर्थीका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकीलको कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले करदाताको हकमा ठूला करदाता कार्यालय, ललितपुरबाट भएको संशोधित कर निर्धारण आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय

समेत विधि सम्मत रहेको हुँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

११. करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने प्रश्नमा नै निर्णय दिनुपर्ने देखियो।

१२. निर्णय तर्फ विचार गर्दा, पुनरावेदक करदाताको पहिलो पुनरावेदन जिकिर ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारण आदेशमा बढी दावी लिइएको ह्रास खर्च कट्टी रु. १,०९,३९,४८६।५३ आयकर ऐन,२०५८ को दफा १९ बमोजिम खर्च कट्टी दिन नमिल्ने भनी गरिएको निर्णयका सम्बन्धमा रहेको देखिन्छ। करदाताले आ.ब. २०७२/०७३ को कर परीक्षण अनुसार नै ह्रास खर्च दावी गरेको हो। निर्माणधिन अवस्थामा रहेका विभिन्न सम्पत्ति समूह अन्तर्गत प्रयोग भएको ऋणको ब्याज खर्च सो सम्पत्ति प्रयोगमा नआए सम्मको खर्च सम्बन्धित सम्पत्तिमा पुँजिकृत गरिएको हो। लेखाको सर्वमान्य सिद्धान्त बमोजिम कारोबारको लेखाकंन गर्नुपर्ने व्यवस्था गरेको हुँदा ब्याज खर्च पुँजीकरण गर्न नमिल्ने भनी ह्रास आधार घटाई सोही बमोजिम ह्रास खर्च कट्टी अमान्य गरेको आयकर ऐन, २०५८ को दफा १९ विपरीत रहेको हुँदा बदर हुनु पर्दछ भन्ने करदाताको मुख्य पुनरावेदन जिकिर रहेको देखिन्छ। करदाताले आ.ब. २०७३/०७४ को संशोधित कर निर्धारणबाट कायम गरिएको शुरु ह्रास आधारमा यस बर्ष थप भएका सम्पत्ति समेतमा खर्च कट्टी गर्न पाउने खर्च भन्दा समूह “क” मा समूहिकृत सम्पत्तिमा रु.१२,७८,०८४।११ समूह “ग” मा समूहिकृत सम्पत्तिमा रु.४१,८२,७५३।२५ र समूह “घ” मा समूहिकृत सम्पत्तिमा रु.५४,७८,६४९।१६ गरी जम्मा रु.१,०९,३९,४८६।५३ बढी ह्रास खर्च दावी गरेको देखिन आउँछ। यसरी बढी ह्रास खर्च कट्टी गर्नुको कारणमा करदाताले गत आ.व. मा नै पूँजीकरण गर्न पाउने व्याजको रकमलाई पूँजीकरण गर्न नदिई ह्रास योग्य सम्पत्तिबाट घटाएको कारण गत आ.व. २०७३।७४ मा त्रुटिपूर्ण कर निर्धारण भई यो आ.व. मा ह्रास खर्च बढी कट्टी गरेको देखिन पुगेको हो भन्ने जिकिर उल्लेख गरेको देखियो। आ.व. २०७३।७४ को संशोधित कर निर्धारण उपर यिनै करदाताले यस न्यायाधिकरणमा दायर गरेको लगाउको आयकर मुद्दा (०७७ – RB – ०१९०) मा आज यसै इजलासबाट शुरु संशोधित कर निर्धारण नै सदर हुने ठहरी फैसला भइसकेको हुँदा सो आधारमा समेत आ.व. २०७३।७४ को संशोधित कर

निर्धारणबाट कायम भएको ह्रास आधार भन्दा बढी कट्टी लिएको ह्रास खर्चले मान्यता पाउन सक्ने स्थिति नदेखिंदा शुरु निर्णय मनासिव नै देखियो।

१३. पुनरावेदक करदाताको अन्तिम पुनरावेदन जिकीर नोक्सानी कट्टी रु.३१,३२,३५४।९२ अमान्य गरेको सम्बन्धमा रहेको देखियो। करदाताले आ.व.२०७३।०७४ सम्मको नोक्सानी रु.५,४९,५७,३९७।२८ भएकोले सो नोक्सानी समायोजन गर्न पाउनु पर्ने जिकीर लिएको देखिन्छ। ठूला करदाता कार्यालयबाट भएको निर्णय पर्चा हेर्दा आ.व.२०७३।०७४ को करदाताको संशोधित नोक्सानी रु. ५,१८,२५,०४२।२६ खुद नोक्सानी कायम भएकोले बढी दावी गरेको नोक्सानी रु. ३१,३२,३५४।९२ आयकर ऐन, २०५८ को दफा २० बमोजिम नोक्सानी कट्टी दिन नमिल्ने भन्ने ब्यहोरा उल्लेख भएको देखिन्छ । आयकर ऐन,२०५८ को दफा २०(१) मा कुनै व्यक्तिले कुनै आय बर्षमा व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि देहाय बमोजिम नोक्सानी कट्टी गर्न पाउने छ :(क) सो व्यक्तिले अन्य कुनै व्यवसायबाट व्यहोर्नु परेको सो बर्षको कुनै कट्टी हुन नपाउने नोक्सानी (ख) त्यस्तो व्यक्तिले कुनै व्यवसायबाट व्यहोर्नु परेको विगत ७ बर्षहरुको कट्टी हुन नपाएको नोक्सानी भन्ने व्यवस्था रहेको छ। नोक्सानी कट्टीको सम्बन्धमा करदाताको जिकीर मात्र पर्याप्त हुन सक्दैन। ठूला करदाता कार्यालयबाट संशोधित कर निर्धारण हुँदा कायम भएको अघिल्लो आ.व.को नोक्सानीलाई आधार मानेर नै नोक्सानी समायोजन हुने हो। करदाताको आ.व. २०७३।०७४ सम्मको संशोधित नोक्सानी रु. ५,१८,२५,०४२।२६ कायम भएको मिसिलबाट देखियो। उक्त आ.व. २०७३।०७४ को संशोधित कर निर्धारण विरूद्धमा करदाताले यसै न्यायाधिकरणमा दायर गरेको लगाउको आयकर मुद्दा (०७७-RB-०१९०) मा आज यसै इजलासबाट शुरू संशोधित कर निर्धारण आदेश सदर हुने ठहरी फैसला भएको स्थिति छ। उक्त आधारमा समेत करदाताले आफूखुसी दावी गरेको नोक्सानीलाई मान्यता दिन सकिने कानूनी आधार नदेखिदा बढी दावी गरेको नोक्सानी रु. ३१,३२,३५४।९२ कट्टी दिन नमिल्ने ठहऱ्याई ठूला करदाता कार्यालयबाट भएको निर्णय र सोही निर्णय सदर गरेको आन्तरिक राजस्व विभागका महानिर्देशकको निर्णय समेत मनासिव देखियो।

१४. तसर्थ, माथी विवेचित आधार एवं कारण समेतबाट करदाता श्री कसमस सिमेन्ट इण्डष्ट्रिज प्रा.लि. (स्थायी लेखा नं.३०१३०७७१६) को आ.व. २०७४/०७५ को संशोधित कर निर्धारण गरी ठूला करदाता कार्यालयबाट मिति २०७६।०३।१९ मा भएको निर्णय तथा सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।१५ मा भएको निर्णय समेत मिलेकै देखिँदा

सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

<u>तपसिल खण्ड</u>

१. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पठाईदिनु।
२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनु।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय, ललितपुर पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
शाखा अधिकृतः लक्ष्मी प्रसाद शर्मा
ईति सम्वत् २०८० साल जेठ २३ गते रोज ३ शुभम् ----------------------------
फैसला प्रमाणिकरण मितिः-
प्रमाणिकरण गर्ने
राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप